जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ४५, २०८२ असार १२ गते विहीबार, 26 Jun 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

डाङ्डुङे डाँडा 'सिनेमाको सहर'



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले पर्यटन प्रवर्द्धनको लागि विभिन्न स्थानलाई योजनाबद्ध विकास गर्ने भएको छ ।

यसै शिलशिलामा प्रदेशको दोलखाक जिल्लाको डाङ्डुङे डाँडालाई फिल्म सिटी बनाउने तयारी गर्ने घोषणा गरेको छ, जसले स्थानीय पर्यटन र आर्थिक विकासमा सघाउ पुर्याउने लक्ष्य राखेको छ। फिल्म सिटी निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन गरिएको छ, यसअघि संघीय सरकारले पनि यसको पहल गरेको थियो र प्राविधिक अध्ययन समेत गरिएको थियो।


डाङ्डुङे डाँडामा बन्ने फिल्म सिटीले फिल्म उद्योगको भविष्य, दोलखाको आर्थिक र सामाजिक रूपान्तरणमा योगदान पुर्याउने विश्वास लिइएको छ।

मकवानपुर । बागमती प्रदेश सरकारले दोलखाको डाङ्डुङे डाँडामा फिल्म सिटी निर्माण गर्ने घोषणा गरेको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम तथा बजेटमार्फत डाङ्डुङे डाँडामा फिल्म सिटी निर्माण गर्ने घोषणा गरेको हो ।

प्रदेशमित्रको मौलिकता एवम् सांस्कृतिक विविधता झल्काउने चलचित्रहरुको निर्माणलाई प्रोत्साहन गर्ने तथा पर्यटकीय क्षेत्र दोलखाको डाङ्डुङे डाँडालाई फिल्म सिटीको रुपमा विकास गर्न सरकारले बजेटको व्यवस्था गरेको बजेट वक्तव्यमा उल्लेख छ ।

डाङ्डुङे डाँडामा अन्तर्राष्ट्रियकरण चलचित्र नगरी (फिल्म सिटी) निर्माणका लागि यस अघि नै संघ सरकारले पहल गरेको थियो । संघीय सरकारको बजेट

बाँकी पेज ३ मा



प्रदेश सरकारको टार्गेटमा बोर्ड र परिषदहरु

○ सहीखबर संवाददाता

मकवानपुर । अनावश्यक खर्च हुने निकायहरू कटौती गरेर खर्च बचाउने योजनामा बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षमा केही बोर्ड तथा परिषदहरू खारेज गर्ने भएको छ ।

प्रदेश युवा परिषद् र खेलकुद विकास परिषदलाई गाभेर युवा तथा खेलकुद विकास परिषद बनाउने तयारी गरेको छ, यो तयारी अघिल्लो वर्षको घोषणा भएपनि कार्यान्वयन भएको थिएन। अबको आगामी आर्थिक वर्षमा भने कार्यान्वयनमा जाने तयारी गरिएको प्रदेश सरकारले जनाएको छ ।

बोर्डहरु प्रशासनिक खर्च बढाउने र प्रभावकारी काम नगरेको आरोप छ, जसमा सहकारी बोर्ड र दुग्ध विकास बोर्डको काम सन्तोषजनक छैन।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष (२०८२/०८३) को बजेटबाट अनावश्यक संरचना खारेज तथा मर्जर गर्ने घोषणा गरेको हो । बजेट वक्तव्यको ११९ नम्बर बुँदामा प्रदेश सरकार अन्तर्गतको अनावश्यक बोर्ड तथा परिषदलाई गाभ्ने र खारेज गर्ने घोषणा गरेको हो ।

बजेट वक्तव्यमा उल्लेख भए अनुसार प्रदेश युवा परिषद् र प्रदेश खेलकुद विकास परिषदलाई गाभेर प्रदेश युवा तथा खेलकुद विकास परिषद् बनाउने सरकारको उद्देश्य छ । यस्तै, प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश सहकारी विकास बोर्ड र अन्य अनावश्यक संरचना खारेज गर्ने सरकारको योजना छ ।


२०७९/०८० को नीति कार्यक्रम र बजेटमा समेत बागमती प्रदेश सरकारले उपलब्धि प्राप्त हुन नसकेका बोर्ड तथा परिषद मर्जरको घोषणा गरेको थियो । यद्यपि, सरकारको उक्त घोषणा नीति तथा कार्यक्रममै सीमित बनेको थियो ।

आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमै प्रदेश सरकारले आगामी आर्थिक वर्ष प्रदेश युवा परिषद् र प्रदेश खेलकुद विकास परिषदलाई गाभ्ने घोषणा गरेको थियो । आवश्यक अध्ययन गरी उपलब्धि कमजोर भएका संरचनाहरुलाई गाभ्ने सरकारको रणनीति थियो ।











तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री (हालका मुख्यमन्त्री) बहादुर सिंह लामाले परिषदहरुलाई एकीकृत गर्न नीतिगत रुपमा काम सुरू गर्ने घोषणा गरेका थिए । तर, सरकारको घोषणा उक्त समयमा पनि कार्यान्वयन हुन सकेन ।

आगामी आर्थिक वर्षका लागि सरकारले फेरि बोर्ड तथा परिषदलाई मर्जर वा खारेजको नीति लिएको छ । सरकारको यो नीति कार्यान्वयनमा जान्छ कि विगतकै जस्तो घोषणामा मात्र सीमित हुन्छ भन्ने हेर्न बाँकी छ ।

बागमती सरकारले विभिन्न बोर्ड गठन गरेर काम गर्दै आएको छ । कानुनी रुपमा महत्वपूर्ण जिम्मेवारी र अधिकार सहित संरचनाको विकास गरेर प्रदेश सरकारले बोर्डहरु गठन गरेको हो ।

प्रदेश सरकारले विशेषगरी सहकारी, कृषि, युवा तथा खेलकुद र यातायात क्षेत्रका बोर्डहरु गठन गरेको छ । यद्यपि ती बोर्डहरुको काम सन्तोषजनक देखिँदैन । ती बोर्ड प्रशासनिक खर्च बढाउनमात्र सीमित भएको देखिन्छ । कार्यालय संरचना, कर्मचारी, प्रशासनिक खर्च एकातिर बढ्ने, अर्कोतिर राजनीतिक नियुक्तिका लागि मात्र बोर्डहरु गठन भएकोजस्तो अवस्था बागमतीमा विद्यमान छ ।

चलेका केही बोर्ड महाशाखाजस्तै छन् भने केही बेकामे बनेर अलपत्र छन् । प्रदेश सरकारले पर्याप्त छलफल र अध्ययनविना बोर्डहरु गठन गर्दा कार्यान्वयनमा समस्या भएको देखिन्छ ।

बागमती प्रदेश सरकारले सहकारी क्षेत्रको वृत्ति विकास गर्ने उद्देश्य अनुरूप खडा गरेको प्रदेश सरकारी बोर्ड बेकामे बनेको छ । प्रदेशको समग्र सहकारी क्षेत्रको क्षमता विकास, व्यवस्थापन, लगानी तथा उत्पादन र बजारीकरणको उद्देश्य अनुसार गठन गरिएको बोर्ड बेकामे बनेको हो ।

२०७८ मा प्रदेश सरकारी ऐन अनुसार गठन भएको उक्त बोर्ड पर्याप्त अधिकार र बजेट तथा कार्यक्रम नहुँदा बेकामे बनिरहेको हो । बोर्डको कार्यालय खडा गरिए पनि आर्थिक अधिकार र कर्मचारी व्यवस्थापन नहुँदा आफ्नो औचित्य स्थापित गर्न सकेको छैन । प्रदेश सरकारले गत २०७८ जेठ २५ मा बोर्डको उपाध्यक्षमा

बाँकी पेज ३ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

बजेट कार्यान्वयन

हरेक आर्थिक वर्षको सुरूवातसँगै एउटा नयाँ बजेटको घोषणा हुन्छ। आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि पनि संघीय प्रदेश र स्थानीय तहहरूले बजेट सार्वजनिक गरिसकेका छन् । विभिन्न विकासे योजनासँगै विभिन्न परियोजनाहरू र पूँजिगत लगानीको लागि बजेट प्रास्तव गरिएको छ,जसलाई संसद र कार्यपालिकाले पारित गरेपछि कार्यान्वयनमा लैजाने अभ्यास छ । बजेट केवल अंकहरुको फेहरिस्त मात्र नभई, समृद्ध नेपालको परिकल्पना, जनजीवनको उत्थान र देशको समग्र विकासको खाका हो। तर, दुर्भाग्यवश, नेपालमा बजेटको चर्चा यसको तर्जुमामा जति हुन्छ,सही तथा पूर्णप्रभावकारी कार्यान्वयन हुदैन। दशकौंदेखि देख्दै आएका छौं कि बजेटका महत्वाकांक्षी लक्ष्यहरु कागजका पानामै सीमित रहन्छन्, अनि विकासका मीठा सपनाहरु वर्षौंपिच्छे अधुरै छुट्छन्। यो समस्या अब दोहोरिनु हुँदैन।

पुँजीगत खर्चको निराशाजनक अवस्था, आयोजनाहरुको कछुवा गति, लागत वृद्धि र गुणस्तरमा सम्झौता बजेट कार्यान्वयनको कटु यथार्थ बनेको छ। समयमै सम्पन्न नहुने सडक, अधुरा पुल, दशकौंदेखि अलपत्र परेका खानेपानी र सिँचाइ आयोजनाहरुले राज्यको स्रोतको चरम दुरूपयोग मात्र गर्दैनन्, यसले नागरिकमा चरम निराशा र राज्यप्रति वितृष्णा पैदा गरेको छ। एकातिर 'समृद्ध नेपाल' को परिकल्पना छ, अर्कोतिर बजेट कार्यान्वयनको हरेक चरणमा देखिने ढिलासुस्ती, अनियमितता र जवाफदेहिताको अभावले त्यो परिकल्पनालाई हाँसोको पात्र बनाउँदैछ।

राजनीतिक प्रतिबद्धतामा दृढता, जवाफदेहिता र दण्डहीनताको अन्त्य, क्षमता विकास र आधुनिकीकरण,वैज्ञानिक अनुगमन र मूल्याङ्कन, पारदर्शिता र जनसहभागिता जस्ता सवालमा चासो राखेर बजेटको सही सदुपयोग र कार्यान्वयनमा लैजानतर्फ सबैले हातेमालो र खबरदारी गर्नु जरूरी छ ।

सही समय कहिले आउँछ ?

अब त राम्रो समय आउला, सही समय आउला भनेर बस्दाबस्दै जिन्दगी बितेर गयो तर समय आएन भनेको हामीमध्ये धेरैले सुनेका छौं । खासमा सही समय आउने होइन आफैले बनाउने रहेछ ।

बबिता बस्नेत



हामी सबैसँग दिन र रात गरेर २४ घण्टाको समय छ । त्यही समयमा कसैले कति धेरै काम गरिरहेका हुन्छन् त कसैले गरेका हुँदैनन्, किन ? प्रकृतिले हामीलाई कुनै पनि प्रकारको विभेद नगरी जे दिएको छ, बराबरी दिएको छ । घाम होस् या शितल, पानी होस् या हावा, प्रत्येक प्राणीले चाहेजति उपभोग गर्न पाउँछ । प्रकृतिले दिन, रात, साँझ र बिहान गरी समय विभाजित गरेको छ, घण्टामा भाग लगाएको त मान्छेले हो । समयलाई संस्कृतमा 'काल' भनिन्छ । कालको अर्थ अँध्यारो र मृत्यु पनि हो । कसैको मृत्युपछि हामी कालले लग्यो या कालगतिले मर्‍यो पनि भन्ने गर्छौं । कालगतिको अर्थ समयको गति हो ।

काल तीन प्रकारका हुन्छन् भनेर त हामीले सानोछँदै पढेका हौं भूतकाल, वर्तमान काल र भविष्य काल । समयलाई विभाजित गर्ने क्रममा विगत, वर्तमान र भविष्य भनिएको हो । समयका बारेमा बुझ्न ब्रम्हाण्डलाई बुझ्ने कोशिस गर्नुपर्ने हुन्छ, जुन कुरा एउटै जुनीमा गर्न कठिन छ । कोशिससम्म गर्ने हो । केलाई कति समय भन्ने, कहिलेदेखि गणना गर्ने ? युग, शताब्दी, वर्ष, महिना, हप्ता, दिन, रात, साँझ, बिहान, घण्टा, मिनेट, सकेण्ड कसरी हेर्ने ? यो संसार जति बुझ्यो त्यति रहस्यमयी लाग्छ ।

पूर्वीय दर्शनले समयलाई चार युगमा विभाजित गरेको छ सत्य, त्रेता, द्वापर र कलि युग । सत्य युग १७ लाख २८ हजार वर्षको थियो भन्ने मान्यता छ । त्रेता युग १२ लाख ९६ हजार, द्वापर युग ८ लाख ६४ हजार र कलि युग ४ लाख ३२ हजार वर्षको । श्रीमद् भागवत गीता समयको कुरा उल्लेख भएको अहिलेसम्मकै उत्कृष्ट दस्ताबेज मानिन्छ, जसमा समयलाई विभिन्न पक्षबाट विश्लेषण गरिएको छ । 'संभवामी युगे युगे...' भनेर कृष्णले हरेक युगमा म हुन्छु भनेका छन् । कृष्णको 'म' हामीले भन्ने र ठान्ने गरेको 'मपाइँ'वाला म नभइ समय हो भन्ने बुझाइ छ ।

मानवजीवनमा समयको महत्व धेरै छ, किनभने हामी यो संसारमा सीमित समयका लागि आएका छौं । यो पृथ्वीमा जन्म लिएका हरेक प्राणीको मृत्यु निश्चित छ, तर कहिले हुन्छ भन्नेचाहिँ अनिश्चित छ । अनिश्चित समय लिएर आएका हुनाले हामीले बिताउने हरेक पल, हरेक क्षण महत्वपूर्ण छन् । हरेक बिहान हामी सबैका लागि बराबरी समय र राम्रो बोल्ने, गर्ने अवसर लिएर आएको हुन्छ । अरूले के गर्छ, के भन्छ हाम्रो हातमा छैन तर मैले के बोल्छु, के गर्छु । मेरो हातमा छ । आफूले गर्ने व्यवहार र प्रयोग गर्ने शब्दहरु हाम्रै मातहतमा छन् । हाम्रो लागि सबैभन्दा महत्वपूर्ण समय बिहानको समय हो । बिहानको केही घण्टा आफ्नो लागि छुट्टयाउँ। शारीरिक अभ्यास, ध्यान, चिन्तन मनन, दिनभरी गर्ने कामका लागि माइण्ड म्यानेजमेन्ट ! विगतमा हामीले जे जस्ता कामहरु गरेका थियौं, वर्तमानमा त्यसको परिणाम उपभोग गरिरहेका छौं या भोगीरहेका छौं । आज गर्ने कामले भविष्यका लागि आधार बनाउने हुनाले भविष्यमा हामी के बन्न चाहन्छौं, केकस्तो जीवन बाँच्न चाहन्छौं त्यो काम आज गर्ने हो । हामीलाई अरूले आफूलाई राम्रो व्यवहार गरेको मनपर्ने हुनाले त्यसको सुरूवात आफैबाट गर्दा जीवन सहज हुन्छ ।

मैले गर्न खोजेको कुरा के हो, स्पष्टता आवश्यक हुने रहेछ । आफूलाई कुनै कुरा थाहा छैन तर अरूले भनेको भरमा अगाडि बढ्दा धेरै मानिसले दु:ख पाएका छन् । अरूको विश्वास आर्जन गर्नुअघि हामी आफैले आफ्नो विश्वास जित्न जरूरी हुने रहेछ । अरूलाई झुट बोले पनि, छलेपनि मानिसले आफूलाई भने झुट बोल्न सक्दैन, छल्न सक्दैन । आफ्नो विश्वास जित्नका लागि हाम्रा आनीबानीहरु, लेख्ने/बोल्ने शब्दहरु, गर्ने सङ्गतलगायतले फरक पार्ने रहेछ । समयलाई राम्रो या खराब बनाउनका लागि सङ्गतले ठुलो भूमिका निर्वाह गर्छ । तास खेलेर बिताउने कि पुस्तक पढेर, मोबाइल हेरेर कि आफ्नो पेशागत काम गरेर ? मोबाइल नै हेर्दा पनि के हेरेर समय गाइरहेको छ भन्ने कुराले फरक पार्दछ । अहिले स्क्रिनले धेरैको समय लिइरहेको छ । मोबाइलमा धेरै कुरा छ, हामी के हेरि रहेका छौं ? त्यसले फरक पार्छ । हामी सधैं व्यस्त नै हुनुपर्छ भन्ने छैन तर के गरेर समय बिताइरहेका छौं ? योचाहिँ महत्वपूर्ण हुन्छ ।

सङ्गतका सवालमा साथीभाइ, आफन्त धेरै हुनुपर्छ भन्ने छैन, जतिसँग भइन्छ उनीहरुले सकारात्मक उर्जा दिउन् । भेट भएदेखि नै कसैले नकारात्मक कुरा गरेर, तिमीले गरेको यो भएन त्यो भएन, तिमीले त्योचाहिँ गर्नै नहुने... भन्न थाल्यो भने आत्मविश्वास नै खस्किए झैं हुन्छ । त्यस्ता मान्छेहरु हाम्रा वरिपरि धेरै हुन्छन् । त्यस्तै, कतिपय साथी हुन्छन्, जसलाई भेट्दा वरिपरिको माहोल नै सहज बनिदिन्छ । आफू जे हो त्योभन्दा बढी केही हुँ कि जस्तो महसूस हुन्छ । आफ्ना कमजोरीहरु देखाइदिने मान्छे पनि जीवनमा चाहिन्छ, तर त्यही कमजोरीका निहुँमा तल खसाल्ने मान्छेहरु आवश्यक छैन । यदि कसैले तपाईंको शारीरिक बनावटलाई लिएर कमेन्ट गर्छ भने त्यस्ता मान्छेसँग टाढै बसेको बेस । आफैलाई मन्नुपर्छ भन्ने छैन, अरूको बारेमा कुरा गर्दा कसैले त्यो यस्तो उस्तो भनेर शारीरिक बनावट, लुवाइखुवाइ, जातजाति जस्ता विषयमा केन्द्रित गर्छ भने त्यस्तो माहोलबाट अलग हुनु राम्रो हुन्छ ।


कस्तो मान्छेसँग धेरै समय बित्छ या बितिरहेको छ भन्ने कुरा पनि सोच्नुपर्ने रहेछ । अरूको व्यक्तिगत टीकाटिप्पणी गरेरै समय बिताउने मान्छेहरुबाट सकारात्मक कुराको अपेक्षा गर्न मिल्दैन/सकिँदैन । सहज जीवन बाँच्नका लागि आफूवरिपरि सकरात्मक दृष्टिकोण भएका मानिसहरु हुन आवश्यक छ । भौतिकरुपमा नभएपनि 'केही पर्‍यो भने उ छ नि, या उनीहरु छन् नि' भन्ने महसूस चाहिँ भइरहनु पर्छ । साथसहयोग दुइतर्फी हुन्छ भन्ने पनि बिर्सनु हुँदैन ।

जीवनमा समयको व्यवस्थापन निकै महत्वपूर्ण कुरा हो । कतिबेला के गर्ने ? केलाई प्राथमिकता दिने ? मैले गरेको कामले सार्वजनिक या आफ्नै जीवनमा केके असर र प्रभाव पार्न सक्छ ? समय व्यवस्थापनमित्र खाने, लाउने, व्यवसायिक काम, घरको काम, भेटघाट, सञ्चारसम्बन्धलगायतका सबै कुरा पर्छन् । हामी कति समय फोनमा कुरा गरेर बिताउछौं भन्दा बढी फोनमा कोसँग के कुरा गर्‍यौं भन्ने कुराले अर्थ राख्छ । कति लेख्यौं भन्दा पनि के लेख्यौं ? कति समय बोल्यौं भन्दा पनि के बोल्यौं ? कति लामो बाटो हिँड्यौं भन्दा पनि कहाँ पुग्ने बाटो हिँड्यौं भन्ने कुराले अर्थ राख्छ । कतिपय मानिस मञ्च पाएपछि घण्टौं बोल्छन्, तर तिनले के बोले । सुन्नेहरुले त्यत्ति हेक्का राख्दैनन्, कतिपय मानिसहरु छोटो बोल्छन् तर शब्द र भाव दुवै सम्झिरहने हुन्छन् । समयको व्यवस्थापन जिन्दगीका फरक पाटा, मोड, सन्दर्भ र आयामहरुमा फरकफरक तरिकाले गर्नुपर्ने पनि हुनसक्छ । सबैतिर एउटै कुरा लागु हुन्छ भन्ने हुँदैन । जो जे भएपनि जिन्दगीको उत्तरार्द्धमा प्राय: मानिसले विगतमा आफूले निकटवर्तीहरुसँग बिताएका राम्रा स्मृतिहरुको नै सम्झना गर्ने गरेको देखिएको, भेटिएको छ ।

करियरको सुरूवाती चरणमा अरूसँग प्रतिस्पर्धा गरेपनि समयक्रममा आफैसँग बढी प्रतिस्पर्धा गर्नुपर्ने रहेछ । यो काम राम्रो भयो, अर्को कसरी थप राम्रो गर्ने भनेर आफूले आफैलाई थप परिस्कृत गर्दै लानुपर्ने हुन्छ । आफैसँग प्रतिस्पर्धा गर्नका लागि पनि समयको व्यवस्थापन आवश्यक हुन्छ । जिन्दगीका पहलु अनेक छन्, के कुरामा प्रतिस्पर्धा गर्ने ? आफूसँगको प्रतिस्पर्धा व्यक्तिगत जीवनमा भन्दा व्यवसायिक जीवनमै बढी हुन्छ । मानिसले जब आफैसँग प्रतिस्पर्धा गर्छ उसले अरूलाई आफ्नो प्रतिस्पर्धी ठान्दैन र असुरक्षित महसूस गर्दैन । आफूले चाहेको कुरा (पद, ओहदा, स्थान) अरूले लिइदेला कि, आफूले नपाउँला कि भनेर मानिसले असुरक्षित महसूस गर्ने हो । जब आफूले आफैलाई राम्रो

बाँकी पेज ३ मा

डाङडुङे डाँडा *सिनेमा...*



प्रदेश सरकारले सिनेमा सहर निर्माण पछि अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन गन्तव्यको रुपमा यि क्षत्रहरुको पहिचान बनाउने लक्ष्य राखेको छ । यसैगरी सांस्कृतिक कार्यक्रम, फिल्म महोत्सवको हवको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

पेज १ को बाँकी

मार्फत थालिएको उक्त पहलसंगै प्राविधिक सम्भाव्यता अध्ययन प्रतिवेदन समेत तयार गरिएको थियो । भीमेश्वर नगरपालिका ९ मा अवस्थित डाङडुङे डाँडा समुन्द्री सतहदेखि ३ हजार ९०० मिटर देखि ३ हजार ४०० मिटरको उचाइमा रहेको छ । सफा आकाश, हिमालको काख, हरियाली जंगल, अनि टाढाटाढासम्म देखिने धवल पर्वतशृंखला... डाङडुङे डाँडाबाट देखिने पर्यावरण हो ।

छिनभरमा नै फेरिने मौसम, बादलले ढाकेका थुम्का, चौंरी चरण अनि हरियाली वातावरण डाङडुङे डाँडाको पहिचान हो । त्यसो त डाङडुङे डाँडामा चढै गरेका चौरीका घाटीमा बाँधिएका घण्टीका आवाजले सो क्षेत्रको वातावरणलाई थप रोचक बनाउँछ । डाङडुङे डाँडामा उमिँदा प्रकृतिले चलचित्रको पर्दा खोलेजस्तो लाग्छ ।

उक्त स्थानमा बन्ने चलचित्र नगरीले फिल्म उद्योगको भविष्य मात्र होइन, दोलखाको आर्थिक र सामाजिक स्वरूप नै परिवर्तन गर्ने सामर्थ्य बोकेको छ । सपनाको रुपमा रहेको सो क्षेत्र सम्भावनाको अवसरका रुपमा अघि बढाउने बागमती सरकारको लक्ष्य रहेको छ ।

काठमाडौंबाट ११८ किलोमिटर पूर्व, दोलखा सदरमुकाम चरिकोटबाट केही घण्टाको यात्रामा अवस्थित डाङडुङे डाँडा सेतीदेवी सामुदायिक वन क्षेत्रमा पर्दछ । त्यहाबाट देखिने दृश्यहरुले चलचित्र सुटिङ मात्र होइन, पर्यटकको मन जित्न पनि सक्षम छ । सो क्षेत्रमा ५० प्रजातिका जैविक प्राणी, १४ प्रजातिका गुराँस, स्वयम्भू, फूलचोकी, गौरीशंकर, गणेश, जुगल, लाङटाङ, धौलागिरी हिमश्रृंखला, सिन्धुपाल्चोकदेखि ओखलढुंगासम्मका भूभागहरु दृश्यावलोकन गर्न सकिन्छ । जसले फिल्म सुटिङलाई नै एक महाकाव्यिक अनुभव बनाउनेछ ।

उक्त स्थानमा बन्ने चलचित्र नगरीले फिल्म उद्योगको भविष्य मात्र होइन, दोलखाको आर्थिक र सामाजिक स्वरूप नै परिवर्तन गर्ने सामर्थ्य बोकेको छ । सपनाको रुपमा रहेको सो क्षेत्र सम्भावनाको अवसरका रुपमा अघि बढाउने बागमती सरकारको लक्ष्य रहेको छ ।

बागमती सरकारद्वारा बजेट विनियोजन गरेर आगामी आर्थिक वर्षमा संरचनाहरुको विकासमा अघि बढ्ने तयारी गरेको प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुनदराज का ले जानकारी दिए ।

तत्कालीन समयमा तयार गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार, ७६.२५ हेक्टर क्षेत्रमा बन्ने चलचित्र नगरीको लागि ३२ करोड रूपैयाँ लगानीमा भौतिक पूर्वाधार निर्माण र ७४ करोड ३७ लाख प्राविधिक र सुधारात्मक संरचनामा खर्च अनुमान रहेको थियो । हाल सो दर र प्रतिवेदनमा केही परिवर्तन गरेर संरचना निर्माणमा अघि बढ्ने सरकारको तयारी रहेको उनले बताए ।

सो क्षत्रेमा फिल्म सिटी निर्माण पश्चात निर्माण लागत मात्रै होइन, यसको प्रभाव झनै ठुलो हुनेछ उनले बताए । रोजगारी, पर्यटन, स्थानीय उत्पादन र सांस्कृतिक उत्थानले दोलखा सहित आसपासका जिल्लाका नागरिकको जीवन स्तरमा सुधार हुने उनले बताए । डाङडुङे डाँडाको फिल्म सिटीले नेपाली फिल्म उद्योगको भविष्य, पर्यटनको पाटो, र ग्रामीण विकासको एउटा नमुना उनको विश्वास छ ।

२०६८ बाट सो स्थानमा फिल्म सिटी निर्माणको प्रारम्भिक प्रक्रिया थालिएको थियो । तत्कालीन नेपाल सरकारले थालेको उक्त प्रक्रियामा २०७०/०७१ मा ३ करोड रूपैयाँ बजेटसहित गुरूयोजना प्रार म्भ गरिएको थियो । २०८१ मा सम्भाव्यता प्रतिवेदन सार्वजनिक गरी २०८३ मित्र निर्माण सुरू गर्ने तयारी थियो । तर, राजनीतिक अस्थिरता, सत्ता परिवर्तन, कार्यान्वयन प्रक्रियाको फितलोपनले सो योजना अघि बढ्न सकेन ।

फिल्म सिटी निर्माण पछिका सम्भावना ?

प्रदेश सरकारले सिनेमा सहर निर्माण पछि अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन गन्तव्यको रूपमा यि क्षत्रहरूको पहिचान बनाउने लक्ष्य राखेको छ । यसैगरी सांस्कृतिक कार्यक्रम, फिल्म महोत्सवको हवको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

स्थानीय, जिल्ला बाहिरमात्रै हैन बाह्य पर्यटकहरू पनि ट्रेकिङ, एडभेन्चर, इको टुरिज्मको केन्द्रको रूपमा आकर्षण बढाउन सकिन्छ । यसरी विकास गर्न सकिएमा रोजगारी सिर्जना, स्थानीय उत्पादनको खपत पर्यटन आम्दानी र पूर्वाधार विकास गर्न सकिने प्रदेश सरकारको लक्ष्य रहेको छ ।

पेज १ को बाँकी

प्रदेश सरकारको ...

नारायण देवकोटालाई नियुक्त गरेको थियो । सहसचिव सरहको सुविधासहित उपाध्यक्ष देवकोटालाई प्रदेश सहकारी नियमावली २०७८ ले आर्थिक अधिकार समेतको व्यवस्था गरेको छ ।

प्रदेश सरकारले २०७८ भदौ ९ मा बोर्डमा थप ३ जना सदस्य नियुक्त गरेको थियो । कानुन अनुसार विभिन्न मन्त्रालय र सरोकारवाला निकाय तथा विज्ञसहित बोर्डको सदस्य १३ जना हुने व्यवस्था छ । उक्त बोर्डले सहकारी क्षेत्रका समस्या र व्यवस्थापनका विभिन्न कार्यक्रम सञ्चालनको योजना तयार गर्नुपर्ने कार्यभार तोकिएको छ । कानुन अनुसार अधिकार प्रत्यायोजन हुन नसक्दा प्रभावकारी ढंगबाट काम हुन सकेको छैन ।

महाशाखा शैलीमा दुग्ध विकास बोर्ड

प्रदेश सरकारले दुग्ध उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने उद्देश्य अनुसार २०७८ मा दुग्ध विकास बोर्ड गठन गरेको थियो । निजी, सरकारी तथा सहकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नको लागि प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७९ तथा प्रदेश दुग्ध विकास बोर्ड नियमावली २०७६ बमोजिम बोर्डको स्थापना र सञ्चालन भएको थियो ।

हेटौंडा उपमहानगरपालिका ३ मा भाडाको घरमा कार्यालय खडागरी काम गर्दै आएको बोर्ड मन्त्रालयको एक महाशाखा शैलीमा सञ्चालित छ । प्रदेश अन्तर्गतका १३ वटा जिल्लाका कृषकलाई सहज रूपमा दुग्धजन्य पदार्थ उत्पादन तथा बजारीकरणमा सघाउन गठन गरिएको उक्त बोर्डले खासै प्रतिफल दिन सकेको छैन ।

बोर्ड मार्फत् प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा दुग्ध क्षेत्रको विकास गर्ने उद्देश्य निर्धारित छ । बोर्डले दुग्ध व्यवसायीलाई प्रवर्द्धन गर्न प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने, उन्नत पशु नश्ल सुधार केन्द्र, दाना कारखाना, दुग्धजन्य ठुला विकास फर्म, धुलो दुग्ध कारखाना, दुग्ध उद्योग, प्राङ्गारिक प्रशोधित मल उद्योग, बायो ग्यास उद्योग प्रवर्द्धन गर्ने लगायतका काम गर्न सक्ने व्यवस्था छ ।

बोर्डले दुग्धजन्य पदार्थको गुणस्तर नियन्त्रण गर्न अत्याधुनिक प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने, उत्पादित कच्चा दुधको खरिद मूल्य र प्रशोधित दुध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकूल समायोजन गर्न समन्वय तथा अनुगमन गर्ने लगायतका काम कर्तव्य तोकिएको छ ।

कानुनले प्रस्ट काम, कर्तव्य र अधिकार तोके पनि सो अनुसार काम हुन सकेको छैन । बोर्डले न कृषकहरुको समस्या सम्बोधन गर्न सकेको छ, न त व्यावसायिक बनाउन कुनै योजना ल्याएको देखिन्छ । यता बोर्ड अन्तर्गत रहेको हेटौंडाको धुलो दुध उत्पादन कारखाना अलपत्र अवस्थामा छ । ४७ करोड रूपैयाँ खर्च गरेर निर्माण भएको उक्त कारखाना सञ्चालनमा आउन सक्ने अवस्थामा छैन । अध्ययनविना नै कारखाना निर्माण हुँदा बोर्डले सञ्चालनको मोडलसमेत तयार गर्न सकेको छैन ।

तालिममा मग्न प्रदेश युवा परिषद

प्रदेश सरकार अन्तर्गतको युवा परिषद युवाहरुलाई सिपमूलक तालिम प्रदानमा मग्न देखिएको छ । हरेक वर्ष युवाहरुलाई स्वरोजगारमुलक सिप सिकाउने परिषदले कति युवाहरुलाई तालिम दियो भन्ने यकिन तथ्यांक समेत छैन ।

युवाहरुको क्षमता विकास तथा युवाहरुलाई उत्पादनमा केन्द्रित गर्ने र प्रदेशको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाहको सम्वाहक बन्नुपर्ने परिषद सिप सिकाउन व्यस्त देखिएको छ । सीटीईभीटी र सामाजिक विकास कार्यालय तथा एनजीओ आईएनजीओहरुले सिकाउने सिपलाई नै युवा परिषदले आफ्नो प्रमुख कार्य बनाएको छ ।

नयाँ प्रविधि, लगानीको क्षेत्र तथा विकास साझेदारहरुसँगको समन्वयमा परिषदले काम गर्न सकेको देखिँदैन । बागमती प्रदेश सरकार मातहतको युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत रहने गरी प्रदेश युवा परिषद गठन भएको हो । परिषदले युवा सम्बन्धी नीति, कानुन, योजना, निर्माण तथा कार्यान्वयनको काम गर्नुपर्ने कानुनी व्यवस्था छ ।

युवा विकास र परिचालनका विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा प्रदेशलाई समृद्ध बनाउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नु परिषदको दायित्व हो ।

प्रदेश युवा परिषद् २०७६ को परिच्छेद ३ को दफा ५ अनुसार २०७८ असार १ गतेमा परिषद् गठन गरिएको थियो भने असार ४ मा परिषदको उपाध्यक्षमा सन्तोष चौलागाईलाई नियुक्त गरिएको थियो । असार १३ मा कार्यालय प्रमुख खटाएर काम सुरू गरेको परिषदले हाल सिपमुलक तालिम सञ्चालनलाई जोड दिएको छ । चौलागाईको ५ वर्षे कार्यकाल गत असोज १ मा समाप्त भइसकेको छ ।

युवा उद्यमशीलता, सिप विकास र रोजगारी सिर्जना तथा कृषि, पर्यटन, ऊर्जा, पूर्वाधारमा युवाहरुको संलग्नता गरी आर्थिक समृद्धिका कार्यमा भुमिका खेल्नुपर्ने परिषदको प्रमुख जिम्मेवारी हो । युवा परिचालन तथा व्यवस्थापनका क्षेत्रमा न सरकारले योजना बनाएको देखिन्छ न नै परिषदले नै काम गरेको देखिन्छ ।

मन्त्रालयभन्दा शक्तिशाली खेलकुद परिषद

खेलकुद क्षेत्रको समग्र गर्ने उद्देश्य अनुसार प्रदेश सरकारले २०७६ मा गठन गरेको प्रदेश खेलकुद विकास परिषद पछिल्लो समय मन्त्रालयमाथि नै हावी भइरहेको छ । परिषदको सदस्यसचिव कार्यकारी प्रमुख हुने कानुनी व्यवस्थाका कारण मन्त्रालयभन्दा परिषद शक्तिशाली देखिन्छ । मन्त्रालयले निर्धारण गरेको कार्यक्रम कार्यान्वयनमा परिषद नै निर्णायक हुने गरेको छ ।

खेलकुद विकास परिषद खेलाडीको वृत्ति विकाससंगै खेलकुद क्षेत्रको विकासका लागि गठन गरिएको हो । तर, परिषद खेलकुद क्षेत्रको विकासका नाममा पूर्वाधार निर्माणमा नै केन्द्रित भएको देखिन्छ । परिषदको लगानीमा निर्माण भएका पूर्वाधारहरु समेत सञ्चालनमा आउन सकेको छैन । परिषदले खेलाडी प्रोत्साहन तथा वृत्ति विकासमा खासै काम गरेको देखिन्न । २०७६ मा गठित परि षदमा ३२ करोड रूपैयाँभन्दा बढीको बजेट छ । परिषदले मन्त्रालयसँग कार्यक्रम नीतिगत कार्यका लागि मात्र समन्वय गर्ने गरेको सदस्यसचिव दीपक लामाले बताए । परिषद् अन्तर्गत हाल क्रिकेट रंगशाला निर्माण, पौडी पोखरी निर्माणका काम भइरहेको छ । *रातोपाटीको सहयोगमा*

हेटौंडा अस्पतालको रुपान्तरण यात्रा

○ सहीखबर संवाददाता

मकवानपुर। हेटौंडाको मुटुमा अवस्थित हेटौंडा अस्पतालमा तीव्र गतिमा निर्माण भइरहेको तीन वटा ब्लकको आधुनिक संरचना अब अन्तिम चरणमा पुगेको छ । कहिले रोगको सिकार भएर अस्पताल पुग्नेहरु, कहिले सेवाको अभावमा हैरान हुने जनताले अब भने आशाको उज्यालो देख्न थालेका छन् ।

२०७८ साल असार १८ गते औपचारिक सम्झौता गर्दै सुरु गरिएको यो भवन निर्माण, केवल इँटा, सिमेन्ट र फलामको संरचना होइन, यो सँगै जोडिएको छ एक दशकदेखिको जनअपेक्षा, स्वास्थ्य सेवा विस्तारको सपनाहरु, र थुप्रै बिरामीहरुको उपचारमा सहजता ल्याउने भविष्यको आधार ।

हेटौंडा अस्पताल: पुरानो इतिहास र नयाँ चुनौती

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालनमा रहेको हेटौंडा अस्पताल मकवानपुर जिल्लाको प्रमुख स्वास्थ्य सेवा केन्द्र हो । यसले केवल मकवानपुर मात्र होइन, बारा, पर्सा, रौतहट जस्ता जिल्लाबाट समेत आएका बिरामीहरुलाई सेवा दिँदै आएको छ ।

तर, बिरामीको चाप दिनदिनै बढ्दै गए पनि पूर्वाधार भने पुरानै अवस्थामा थियो । तीन सय बेडको अस्पतालमा दिनहुँ करि एक हजार जना मन्दा बढी बिरामी उपचार गर्नुपर्ने अवस्था छ । त्यसमा पनि आकस्मिक कक्ष, ओपीडी सेवा, विशेषज्ञ परामर्श सबै एउटै भवनमा ठोक्किने, ठाउँको अभावमा विरामीलाई रिफर गर्नुपर्ने बाध्यता पनि छ ।

नयाँ भवन: आधुनिकता र सुविधा एकसाथ

सहरी विकास तथा भवन कार्यालय हेटौंडाले विकेवाइ नब सिर्जनशिल निर्माण कम्पनि मार्फत भवन निर्माणको ठेक्का मार्फत काम भइरहेको हो । हाल निर्माणाधीन यो भवन एक नमुना संरचना बन्न लागेको छ ।

कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर अङ्कित श्रेष्ठका अनुसार, तीन वटा ब्लकमध्ये एउटा ब्लकमा अण्डर ग्राउण्डसहित ६ तला र बाँकी दुई ब्लकमा ५ तला निर्माण गरिएको छ । अहिले अन्तिम फिनिसिङका कामहरु भित्ताको पेन्टिङ, स्यानिटरी फिटिङ, इलेक्ट्रिकल जडान, फर्निचर व्यवस्थापन तीव्र गतिमा भइरहेको छ ।

अस्पतालको नयाँ भवनमा लिफ्ट जडान, महिला र पुरूषका लागि छुट्टाछुट्टै शौचालय, हावादार कोठा, फायर सेफ्टी प्रणाली, सीसीटीभी र आधुनिक डिजाइन प्रयोग गरिएको छ । भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण गरिएको यो भवन केवल आजको आवश्यकता हैन, भावी पिँढीका लागि पनि उपयोगी हुने बनाइएको छ ।

लागत र समयरेखा

यस भवनको निर्माण लागत २८ करोड ५४ लाख ६३ हजार रूपैयाँ रहेको छ । सहरी विकास तथा भवन कार्यालयका सब इन्जिनियर कृष्ण साह भन्छन्, "२०७८ सालमा सम्झौता गरिएको यो संरचना भदौ २०८२ मित्र सम्पन्न गरिसक्नुपर्ने छ । अहिलेको प्रगति हेर्दा, लक्ष्य समयमै पुग्नेछ भन्ने अपेक्षा गरिएको छ ।" यो खर्च भवनमै सीमित छैन भोलिका दिनमा यसै आधारमा उपकरणहरु खरिद, विशेषज्ञ डाक्टर थप्ने र सेवा विस्तार गर्ने प्रदेश सरकार र मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रणनीतिक योजना समेत छ ।



३ सय नयाँ बेड: बिरामीको सहजता र आत्मविश्वास

हाल अस्पतालमा तीन सय बेड छन्, जसमा प्राय: ९० भन्दा बढी सदैव भरिएको अवस्था हुन्छ । प्रतिष्ठानका उपकुलपति डा. प्रदिप ज्ञवाली भन्छन्, "नयाँ संरचनामा थप दुई सय बेड राखिनेछ । त्यसपछि अस्पतालको क्षमता ५ सय बेड पुग्याइनेछ । यसले हामीलाई डायलासिस सेवा विस्तार, मुटुरोगको बिशेषज्ञ सेवा विस्तार गरिने छ । सघन उपचार सेवा, सुत्केरी वार्ड र अपरेसन थिएटर विस्तार गर्न सहयोग पुग्याउनेछ ।"

सेवा विस्तार मृगौला प्रत्यारोपणदेखि मुटुरोग विशेषज्ञसम्म

भोलिको दिनमा प्रतिष्ठानले सञ्चालन गरेको हेटौंडा अस्पतालले गर्ने सेवा विस्तार अझ उत्साहजनक छ । उपकुलपति डा. ज्ञवालीका अनुसार, अब डायलासिस सेवा थप विस्तारित हुनेछ । अहिले बिरामीहरु चितवन वा काठमाडौं धाउनुपर्ने बाध्यता हट्नेछ ।

साथै, भविष्यमा मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने लक्ष्य रहेको छ । यस्तो सेवा अमेरिसम्म प्रदेशमै सिमित गिन्तीका अस्पतालमा मात्र उपलब्ध छ । यति मात्र हैन, मुटुरोग विशेषज्ञ, कार्डियाक केयर, महिला विशेषज्ञ, शल्यक्रिया सेवा, मानसिक स्वास्थ्य कक्षजस्ता सेवा पनि अहिले भइरहेको भन्दा थप विस्तारको तयारी छ ।

"हामी अब प्राथमिक उपचारमात्र होइन, बंशाणुगत, दीर्घकालीन र जटिल रोगहरुको उपचार पनि हेटौंडामै दिनेछौं," डा. ज्ञवालीको भनाइ छ ।

प्रशासनिक सुधार र व्यवस्थापन प्रणाली

भवनको प्रशासनिक ढाँचा पनि नयाँ सोचअनुसार निर्माण गरिएको छ । बिरामीले अब फरक फरक सेवाका लागि फरक तलामा जानुपर्नेछ । ओपीडी सेवा, आकस्मिक सेवा, भर्ना, एक्सरे, ल्याब, फार्मेसी, प्रशासनिक कक्ष सबै स्पष्ट रुपमा वर्गीकृत गरिएको छ । यो व्यवस्थापनले काम गर्ने स्वास्थ्यकर्मीको कार्यसम्पादन, बिरामीको चाप व्यवस्थापन, र सेवाको गति तीनवटै पक्षमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

भवनले मात्र हैन, भावना पनि बनाउँदैछ

यो भवन कङ्क्रीटको संरचना होइन, यो स्वास्थ्यप्रेमीहरुको सपना हो । गाउँबाट उपचारका लागि आउने गरिब, असहाय, अपाङ्ग, वृद्धवृद्धाको लागि यो भवनले उपचार पाउने ढोका खोल्नेछ । यो संरचना हेर्दै गर्दा एक आमाको आशा देखिन्छ सुत्केरी हुँदा सहुलियत मिल्नेछ भनेर । एक वृद्ध बाबुको राहत देखिन्छ अब आफ्ना सासफेर्ने दिन गाउँमै सेवा पाइनेछ भनेर । भवन निर्माणमा खटिएका कामदारहरुका अनुहारमा गर्व देखिन्छ । इन्जिनियर, ठेकेदार, सरकारी कर्मचारी, डाक्टर, नर्स सबैको सामूहिक प्रयासको फल हो यो ।

एउटा अस्पताल, सयौं आशा

जब तीन वटै ब्लकका ढोका खुल्नेछन्, र सयौं बिरामी दिनहुँ नयाँ कोठामा उपचार पाउनेछन्, तब यो भवनले आफ्नो वास्तविक मूल्य देखाउनेछ । यो केवल स्वास्थ्य सेवा हैन यो जनताको अधिकार हो, सरकारको जवाफदेहिता हो, र समृद्धिको सूचक हो।

हेटौंडा अस्पतालको यो विकास यात्राले बागमती प्रदेशका अन्य अस्पतालहरुलाई पनि प्रेरणा दिनेछ । यस्तो भव्य र उपयोगी संरचनाले अस्पताल मात्र हैन, जनताको जीवन र सोचमा पनि परिवर्तन ल्याउनेछ ।

हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष नविन सिग्देल

४ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

हावाहुरीबाट जोगिने उपाय

- ❖ घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- ❖ हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- ❖ छानालाई राम्ररी कसेर बाधौं ।
- ❖ गमलालाई सुरक्षित तरिकाले राखौं ।
- ❖ जस्ता पातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- ❖ भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- ❖ सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष एवम्

३ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

१० नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

सही समय कहिले ....

पेज २ को बाँकी

गर्न थाल्छ, स्वत: अरूलाई राम्रो गर्न थाल्छ । आफैमा सशक्त मान्छेले अरूलाई हानी हुने काम गर्दैन । अरूको बारेमा नराम्रो सोचेर या गरेर आफ्नो समय खेर फाल्नु मानसिक दु:खसँगै समयको दुरूपयोग हो । अरूलाई राम्रो गर्नेहरुको संसार प्राय: खुशीले भरिएको देखिन्छ । यसको अर्थ कुनै पनि कुरामा क्रिटिकल हुन नमिल्ने भन्ने होइन, 'क्रिटिकल' हुनु र 'नेगेटिभ' हुनु फरक कुरा हो ।

अब त राम्रो समय आउला, सही समय आउला भनेर बस्दाबस्दै जिन्दगी बितेर गयो तर समय आएन भनेको हामीमध्ये धेरैले सुनेका छौं । खासमा सही समय आउने होइन आफैले बनाउने रहेछ । यदि अरूलाई हानी गर्ने खालको छैन भने कतिपय कुरा देखेर पनि नदेखेजस्तो गरिदिँदा, सुनेको नसुने भैं गरिदिँदा, जानेर पनि अन्जान जस्तो भइदिँदा जीवन सहज हुन्छ । कहिलेकाहीं अरूलाई मात्र होइन आफैलाई पनि माफ गरिदिँदा धेरै कुराबाट मुक्ति मिले भैं हुन्छ । विगतमा भएका गल्तीहरु जसको जिम्मेवार अरूभन्दा प्राय: मानिस आफै हुने गर्छ, तिनलाई लिएर पश्चाताप गर्नुभन्दा आफूलाई माफ गर्दा फरक महसूस हुन्छ ।

आफूले आफैलाई बनाउने, राम्रा दिनको परिकल्पनामात्र नभइ वास्तविकतामै उपभोग गर्ने र राम्रो काम गर्ने सही समय 'आज' र 'अहिले' नै हो । अरूलाई हानी नपुग्ने र आफ्नो कारणले आफू र अरूलाई राम्रो हुने प्राय: सबै काम राम्रा काम हुन् । आफूले आफैलाई हानी पुर्‍याउनेहरुको सङ्ख्या पनि यहाँ ठुलो छ । त्यसैले आफैलाई परिवर्तन गर्न या राम्रो काम गर्न सही समय आजै, आज पनि विभिन्न भागमा विभाजित हुने भएकाले अहिले नै हो । अहिले हामी जे गर्छौं त्यो नै हामीले भविष्यमा भोग्ने समय हो ।

घटना र विचारबाट साभार

वागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमी तथा सामान्य प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित सरक्षण निदेशनालय

हेटौंडा, नेपाल

उपभोकताई जानकारीका लागि सूनना !

- ✔ कारोबार स्थलमा साहनवोर्ड र मूल्यसूची भए/नभएको हेरौं.
- ✔ प्याकिड सामानमा अधिकतम खुदा मूल्य (MRP) भए/नभएक हेरेरर मात्र कनिथौं:
  - उत्पादकको नाम, ठेगाना
  - तस्तुको ब्यच नम्बर
  - तोल, उपदवन मिति, उपभगय मिति
- ⊘ उत्पादन वा उपभोगय मिति नदैखिने, केरमेट गरियेका वा पुनः लेवलिड गरियेका वनु नकिर्नो.
- ✔ कच्चा पर्दार, भण्डारण विधि, उपयोगय तरिका उल्लह भए/नभएेक हेरौं.
  ओषिद नया औधधिजन्य सामग्रीमा उपभगेगय मिति र प्रयोग विधि सपट हुनु आवश्यक छ,
- ✔ सामान खरिद गदा बिलअनिवार्य रुपम्ग मागौं.
  प्यान वा भ्याट विल लिने उपभोक्तकाको अधिकार हो.
- ⊘ कमसल वा अखादय वस्तु भेटिएमा यस टेगानमा जानकी गराऔं:
  - स्थानोय पहरी कार्यालय
  - जिल्ला प्रशासवन कार्यालय
- ✔ हानि नोवसनी भएमा सनस्थि विल्ला खतापाना जयुरिण गरमिर.
- ✔ नुनासी वाजैन याथापका वार्तो: 057-520014

सनग वनौं, सचेत उपभोक्त्ता वनों!

उपभोक्ता हित समंक्षणामा तपाँपेको भूमिका आवश्थह छ

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ ।

पानीको मुहान/स्रोत संरक्षण गरौं ।

मकवानपुरका बाँकी स्थानीय तहहरुले ल्याए आगामी आर्थिक वर्षलाई बजेट

○सहीखबर संवाददाता

मकवानपुर। मकवानपुरका सबै स्थानीय तहले आगामी आर्थिक वर्षका लागि बजेट ल्याएका छन् । केही स्थानीय तहले यस अघिनै बजेट ल्याएका छन् भने हेटौंडा उपमहानगरपालिका सहित अन्य स्थानीय तहले अन्तिम डेट लाइन अर्थात् असार १० नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

उपमहानगरपालिको बजेट ३ अर्ब ९० करोड

हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३ अर्ब ९० करोड ३ लाख १० हजार रूपैया" बजेट विनियोजन गरेको छ ।

जुन चालु आर्थिक वर्षकोभन्दा करिब ७ करोड रूपैया बढी हो । उपप्रमुख राजेश बानियाँले मंगलबार १७ औं नगरसभामा पेश गरेको बजेटको खर्च व्यहोर्ने स्रोततर्फ संघीय सरकारबाट प्राप्त हुने अनुदान १ अर्ब १९ करोड ५० लाख, आन्तरिक स्रोतबाट ६२ करोड ७६ लाख ८० हजार, राजस्व बाँडफाँटबाट ९२ करोड ७० लाख ५५ हजार, प्रदेश सरकारबाट विभिन्न अनुदानबाट प्राप्त हुने ११ करोड, ४५ लाख ७५ हजार तथा नगर विकास कोषबाट ऋण ३ करोड ६० लाख रूपैयाँ अनुमान गरिएको छ ।

उपमहानगरले नगरस्तरीय पूर्वाधार विकासतर्फ ६२ करोड ३९ लाख ४१ हजार, वडास्तरीय योजन तथा कार्यक्रमका लागि ३२ करोड २५ लाख ६२ हजार रूपैयाँ विनियोजन गरेको छ । आर्थिक विकासतर्फ ४ करोड ६९ लाख ७ हजार रूपैयाँ, शिक्षातर्फ ५ करोड ५१ लाख, स्वास्थ्यतर्फ ३ करोड ७८ लाख, युवा तथा खेलकुद विकासतर्फ ३ करोड ५५ लाख रूपैया" विनियोजन गरिएको उपप्रमुख बानियाँले जानकारी दिए । वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ६ करोड ५० लाख ३० हजार रूपैयाँ तथा संस्थागत विकासतर्फ ६३ करोड ५४ लाख ९० हजार रूपैयाँ विनियोजन गरिएको छ ।

भीमफेदीको बजेट ९० करोड

भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सभासमक्ष प्रस्तुत गरेको छ । पालिका अध्यक्ष हिदम लामाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष संजीव श्रेष्ठले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् ।

चालु आर्थिक वर्षमा ८५ करोड ४५ लाख ८७ हजार ९ सय ९८ रूपैयाँ ३० पैसाको बजेट प्रस्तुत गरेको गाउँपालिकाले यस पटक ९० करोड ६ लाखको बजेट ल्याएको छ ।आज प्रस्तुत भएको नीति तथा कार्यक्रमले समग्र भीमफेदी गाउँपालिकालाई विकसित बनाउन महत्वपूर्ण योगदान पुर्याउने अध्यक्ष हिदम लामाले बताए ।

राक्सिराङको बजेट ६३ करोड ५३ लाख

चेपाङ बहुल राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङले आगामी आर्थिक वर्ष २०८२र ०८३ का लागि ६३ करोड ५३ लाख ३१ हजार ३ सय ८९ रूपैयाँको अनुमानित बजेट प्रस्तुत गरेका छन्, जुन चालु आर्थिक वर्षको तुलनामा करिब ९ करोड रूपैयाँ बढी हो । संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान स् १० करोड ३५ लाख सर्तसहितको अनुदान स् ३० करोड ६१ लाख उल्लेख छ ।

कैलाशको बजेट ५३ करोड ८६ लाख

मकवानपुरको कैलाश गाउँपालिकाले १६ औं गाउँसभाको अधिवेसनले नीति तथा कार्यक्रम ल्याएसँगै ५३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेको छ । गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले पुर्जी, प्रविधि, सीप र अनुभवलाई स्थानीयस्तरमा उपयोग गर्ने उद्देश्यले युवाहरूलाई लक्षित कृषि कार्यमा उत्प्रेरित गराइने बताए। खानेपानीको एक घर एक धारा,एक घर एक शौचालय निर्माण नीति पालिकाले लिएको छ ।

हावाहुरीबाट जोगिने उपाय

- ❖ घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- ❖ हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- ❖ छानालाई राम्ररी कसेर बाधौं ।
- ❖ गमलालाई सुरक्षित तरिकाले राखौं।
- ❖ जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- ❖ भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- ❖ सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष पेम्बा लामा

१३ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

विपद्को पूर्वतयारी गरौं

- ❖ सम्भावित जोखिमको मूल्यांकन गरौं,
- ❖ भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- ❖ सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- ❖ घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- ❖ सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- ❖ खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- ❖ विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- ❖ बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

" विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

सांस्कृतिक विविधताको सम्मान गरौं ।

- ❖ सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- ❖ सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- ❖ भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- ❖ सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं, समावेशी समाज निर्माण गरौं,
- ❖ विविधतामा एकताको भावना निर्माण गरौं ।

"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड